# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## नेपाल राष्ट्र बैंक र बंगलादेश बैंकबीच सुपरवेक्षकीय जानकारी आदान-प्रदान गर्ने सम्बन्धी सहमती-पत्रमा हस्ताक्षर



नेपाल राष्ट्र बैंक र बंगलादेशको केन्द्रीय बैंक बंगलादेश बैंकबीच सुपरिवेक्षकीय सूचना आदान-प्रदान गर्ने तथा बैंक सुपरिवेक्षणका क्षेत्रमा सम्बन्ध र सहयोग विस्तार गर्ने उद्देश्यले २०७३ असोज १७ गते तद्नुसार अक्टोबर ३, २०१६ का दिन एक सहमती-पत्र (Memorandum of Understanding - MOU) मा हस्ताक्षर भएको छ । डेपुटी गभर्नर द्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठको समुपस्थितिमा उक्त कार्यक्रम नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा सम्पन्न भएको थियो । उक्त सहमति-पत्रमा नेपाल राष्ट्र बैंकका तर्फबाट बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले र बंगलादेश बैंकका तर्फबाट कार्यकारी निर्देशक Md. Saiful Islam ले हस्ताक्षर गर्नु भएको थियो । आ-आफ्नो सुपरिवेक्षण क्षेत्राधिकार अन्तर्गत पर्ने वाणिज्य बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण गर्नका लागि नेपाल राष्ट्र बैंकले सम्बन्धित विदेशी सुपरिवेक्षण अधिकारीसँग पारस्परिकताका आधारमा सहयोगको आदान-प्रदान तथा सो प्रयोजनका लागि प्राप्त जानकारी वा सूचना भंग नहुने गरी विदेशी सुपरिवेक्षण अधिकारीसँग सूचना/जानकारी आदान-प्रदान गर्न सक्ने कानूनी व्यवस्था अनुरुप उक्त सम्झौता गरिएको छ । सुपरिवेक्षण अधिकारीहरूबीच पारस्पारिक सहयोग, सद्भाव र सम्बन्ध विस्तार गर्ने तथा सुपरिवेक्षकीय जानकारी एवम् सूचना आदान-प्रदान गर्ने उद्देश्यले अन्य मुलुकका सुपरिवेक्षण अधिकारीहरूसँग समेत यस्तो सहमती गर्दै जाने नीति नेपाल राष्ट्र बैंकको रहेको छ । यस अघि नेपाल राष्ट्र बैंकले भारतको केन्द्रीय बैंक रिजर्व बैंक अफ इण्डिया र चीनको China Banking Regulatory Commission (CBRC) सँग यस किसिमको सम्झौता गरिसकेको छ । हस्ताक्षर कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला, वित्त कम्पनी सुपरिवेक्षण विभागका का.मु. कार्यकारी निर्देशक एजिन्द्रप्रसाद लुइटेल एवम् बैंक सुपरिवेक्षण विभाग र गभर्नरको कार्यालयका पदाधिकारीहरूको समेत सहभागिता रहेको थियो ।

**२०७३ असोज १७ गते सोमबार** **गभर्नरको कार्यालय**